# गैरआवासीय नेपाली संघ

# महिला फोरमको कार्य व्यवस्था सम्बन्धी नियमावली, २०२१

<u>अन्तर्राष्ट्रिय समन्वय परिषदबाट पारित भएको मितिः</u>

सन् २०२१ जुलाई १७

**संशोधनः**

१. गैरआवासीय नेपाली संघ महिला फोरम कार्यव्यवस्था सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०२३

*- सन् २०२३ जुलाई ९ को अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठक*

**प्रस्तावनाः** विभिन्न मुलुकहरुमा रहेका राष्ट्रिय समन्वय परिषद्हरुमा आबद्ध महिला प्रतिनिधि मार्फत विश्वभरीका गैरआवासीय नेपाली महिलाहरुलाई संयोजन गर्दै नेपाल र नेपालीको हीतको लागि महिलाहरुको सामूहिक प्रयत्नलाई व्यवस्थित र प्रभावकारी पार्न सञ्जाल विस्तार गर्नको लागि गैरआवासीय नेपाली संघ महिला फोरमको गठन र महिला फोरमको कार्य प्रणाली बनाउनका लागि बाञ्छनीय भएको हुँदा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले गैरआवासीय नेपाली संघको विधान २००३ *......................... को दफा १७.६ को दिएको अधिकार प्रयोग गरी यो नियमावली बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>**

(१) यी नियमहरुको नाम “गैरआवासीय नेपाली संघ महिला फोरम कार्य व्यवस्था सम्बन्धी नियमावली, २०२१” रहेको छ ।

(१) यो नियमावली अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्णय गरेको मिति बाट लागू हुनेछ ।*<u>यो नियमावलीमा कुनै संशोधन अन्तर्राष्ट्रिय समन्वय परिषद् वा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय बाट भएमा सोही मिति देखि यो नियमावलीमा भएको संशोधन लागू हुनेछ</u> ।

२. **<u>परिभाषाः</u>**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

(क) "**संघ**" भन्नाले गैरआवासीय नेपाली संघलाई जनाउनेछ ।

(ख) "**विधान**" भन्नाले गैर आवासीय नेपाली संघको विधान २००३ *......................... लाई जनाउनेछ ।

(ग) "**अन्तर्राष्ट्रिय समन्वय परिषद्**" भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई जनाउनेछ ।

(घ) "**अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय**" भन्नाले संघको अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयलाई जनाउनेछ ।

(ङ) "**राष्ट्रिय समन्वय परिषद्**" भन्नाले संघको राष्ट्रिय समन्वय परिषद्लाई जनाउँने छ ।

(च) "**फोरम**" भन्नाले गैरआवासीय नेपाली संघ महिला फोरमलाई जनाउनेछ ।

(छ) "**महिला संयोजक**" भन्नाले संघको महिला संयोजकलाई जनाउनेछ ।

---

* पहिलो संशोधनद्वारा झिकिएको ।

* पहिलो संशोधनद्वारा थप ।

* पहिलो संशोधनद्वारा झिकिएको ।

(ज) "**क्षेत्रीय महिला संयोजक**" भन्नाले संघको क्षेत्रीय महिला संयोजकलाई जनाउनेछ ।

(झ) "**क्षेत्रीय महिला उपसंयोजक**" भन्नाले संघको क्षेत्रीय महिला उपसंयोजकलाई जनाउनेछ ।

(ञ) "**महिला प्रतिनिधि**" भन्नाले राष्ट्रिय समन्वय परिषद्को महिला संयोजक वा महिला प्रतिनिधिलाई जनाउनेछ ।

*(ट) "**विभाग**" भन्नाले संघको महिला विभागलाई जनाउँनेछ ।

*(ठ) "**महिला उपाध्यक्ष**" भन्नाले संघको महिला उपाध्यक्षलाई जनाउनेछ ।

*(ड) "**महिला सचिव**" भन्नाले संघको महिला सचिवलाई जनाउनेछ ।

***(ण) "पदाधिकारी"** भन्नाले संघको विधानको दफा ५.१४ मा परिभाषित पदाधिकारीलाई जनाउँनेछ ।

३. **फोरम गठनको उद्देश्यः**

विश्वभरी छरिएर रहेका गैरआवासीय नेपाली महिलाहरुलाई संयोजन गर्दै नेपाल र नेपालीको हितको लागि महिलाहरुको सामुहिक प्रयत्नलाई व्यवस्थित र प्रभावकारी बनाउन महिलाको साझा संजाल विस्तार गर्ने रहेको छ । फोरम नेपालका पिछिडिएका महिलाहरुको जीवनस्तर उकास्न सकृय भूमिका निर्वाह गर्नेछ ।

४. **फोरम गठनः**

(१) अन्तराष्ट्रिय समन्वय परिषद्का महिला संयोजकको नेतृत्वमा एक महिला फोरमको गठन गरिने छ ।

(२) महिला फोरममा अन्तराष्ट्रिय समन्वय परिषदका *महिला उपाध्यक्ष, महिला सचिव, क्षेत्रीय महिला संयोजक, क्षेत्रीय महिला उपसंयोजक र विभिन्न देशका राष्ट्रिय समन्वय परिषद्का महिला प्रतिनिधि सदस्य रहनेछन् ।

(३) फोरमको गठन अन्तराष्ट्रिय समन्वय परिषद् कार्यसमिति गठन भएको मितिले ३ महिना भित्र गरिसक्नु पर्नेछ ।

(४) फोरम गठन सम्बन्धमा अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई महिला संयोजकले गठन भएको जानकारी दिए पश्चात् फोरम गठन भएको मानिनेछ ।

(५) अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी तथा सदस्य सल्लाहाकारको रुपमा रहने छन् ।

*(६) महिला उपाध्यक्ष र महिला सचिव फोरमको विशेष सल्लाहाकार हुनेछन् ।

५. **फोरमको काम, कर्तव्य र अधिकारः**

(१) *............. राष्ट्रिय समन्वय परिषद्का महिला प्रतिनिधि *............., सम्बन्धित क्षेत्रको क्षेत्रीय महिला संयोजक तथा क्षेत्रीय महिला उपसंयोजकसँगको समन्वयमा *महिलाहरुको सञ्जाल विस्तार गर्ने, महिलाहरुको आवधिक विवरण लिने, महिलासँग सम्बन्धित विभिन्न कार्यक्रमहरु तय गर्ने ।

---

* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा संशोधित ।

(२) प्रत्येक राष्ट्रिय समन्वय परिषद्का महिला प्रतिनिधिहरु *मार्फत विभिन्न मुलुकमा रहेका महिलाहरुलाई सम्बन्धित क्षेत्रका क्षेत्रीय महिला संयोजक तथा क्षेत्रीय महिला उपसंयोजक मार्फत एकिकृत गरेर महिला सम्बन्धी सरोकारका कार्यक्रमरु सञ्चालन गर्ने ।

(३) नेपालमा रहेका पिछिडिएका महिलाहरुलाई सामाजिक, आर्थिक, शिक्षा, स्वास्थ्य र उद्यमशीलतामा उनीहरुको पहुँच पुऱ्याउनका लागि नेपाल सरकार, सरोकारवाला संघ संस्थाहरुसँग सहकार्य गरी उनीहरुको तालिमको लागि आवश्यक साधन श्रोत उपलव्ध गराउन क्रियाशील रहने ।

(४) नेपालमा रहेका निम्न आय भएका महिलाहरुको शिक्षा र उद्यमशीलताको विकासको लागि छात्रबृद्धि प्रदान गर्न आर्थिक श्रोत जुटाउने कार्य गर्ने ।

(५) महिला शसक्तिकरणको लागि कार्यहरु सञ्चालन गर्ने ।

(६) महिलाहरुलाई आफ्नो हक अधिकारको लागि जागरण गराउने खालका कार्यहरु सञ्चालन गर्न सहकार्य र सहयोग गर्ने ।

(७) नेपालको हरेक तह र क्षेत्रहरुमा उनीहरुको पहुँच र सहभागीताको लागि नेपाल सरकार र सरोकारवालाहरुसँग सहकार्य र समन्वय गर्ने ।

(८) फोरमले प्रत्येक ३ महिनामा एक पल्ट नियमित रुपमा अन्तर्राष्ट्रिय समन्वय परिषद्मा फोरमले गरेका कार्यहरुको प्रगति विवरण पेश गर्ने ।

(९) विश्वमा रहेका नेपाली महिलाहरुको संजाललाई एकताबद्ध र सकृय बनाउनको लागि महिला सम्मेलन तथा गोष्ठीहरु संचालन गर्ने ।

(१०) राष्ट्रिय समन्वय परिषद्मा महिला प्रतिनिधिको पद रिक्त भएमा बाँकी अवधिको लागि रिक्त पदमा राष्ट्रिय समन्वय परिषद्को महिला फोरमका संयोजकले सम्बन्धित क्षेत्रका क्षेत्रीय महिला संयोजक तथा क्षेत्रीय महिला उपसंयोजक मार्फत राष्ट्रिय समन्वय परिषद्हरुसँग समन्वय गरेर चयनको लागि आवश्यक पहल गर्ने छ ।

(११) गैरआवसीय नेपाली संघ र कुनै पक्ष बीच महिलाहरुसँग सम्वन्धि समझदारीपत्रमा हस्ताक्षर गर्नु परेमा समझदारी पत्रको प्रकृति हेरी अन्तर्राष्ट्रिय समन्वय परिषद्का *महिला उपाध्यक्ष वा *महिला सचिव वा महिला संयोजक वा सम्बन्धित क्षेत्रका क्षेत्रीय महिला संयोजक तथा क्षेत्रीय महिला उपसंयोजक र सम्बन्धित मुलुकको महिला प्रतिनिधिलाई सहभागी गराउनु पर्नेछ ।

(१२) स्थानीय स्तरका संघ संस्थासँग समझदारीपत्रमा हस्ताक्षर गर्नु परेमा सो देशको राष्ट्रिय समन्वय परिषद्को अध्यक्षसँग परामर्श लिनु पर्नेछ । यस्ता समझदारी पत्रमा अन्तर्राष्ट्रिय समन्वय परिषद्का *महिला उपाध्यक्ष वा *महिला सचिव वा महिला संयोजक, सम्बन्धित क्षेत्रको क्षेत्रीय महिला संयोजक तथा क्षेत्रीय महिला उपसंयोजक र राष्ट्रिय समन्वय परिषद्बाट निर्वाचित महिला प्रतिनिधिहरुलाई पनि हस्ताक्षर गर्न सहभागी गराउनु पर्नेछ ।

(१३) नेपालका वा अन्तर्राष्ट्रिय स्तरका संघसंस्थासंग समझदारी पत्रमा हस्ताक्षर गर्नु परेमा अन्तर्राष्ट्रिय समन्वय परिषद्का महिला संयोजकले अन्तर्राष्ट्रिय समन्वय परिषद्को अध्यक्ष, *महिला उपाध्यक्ष र

---

* पहिलो संशोधनद्वारा संशोधित ।
* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा झिकिएको ।

महिला सचिवसँग परामर्श लिनु पर्नेछ । यस्ता समझदारी पत्रमा अन्तर्राष्ट्रिय समन्वय परिषद्का *महिला उपाध्यक्ष वा *महिला सचिव वा महिला संयोजकलाई पनि हस्ताक्षर गर्न सहभागी गराईनेछ ।

(१४) विधानको दफा २२.७ अनुसार राष्ट्रिय समन्वय परिषद्को मातहतमा रही सम्वन्धित देशको महिला प्रतिनिधिको अगुवाईमा बन्ने महिलाहरुको संजाल तथा विभिन्न मुलुकहरुमा महिला फोरमको गठन गर्न तथा व्यवस्थापन गर्न सम्बन्धित क्षेत्रको क्षेत्रीय महिला संयोजक र क्षेत्रीय महिला उपसंयोजकलाई परिचालन गर्नु पर्नेछ ।

(१५) राष्ट्रिय समन्वय परिषद्को स्तरमा आयोजना गरिने महिला सम्वन्धी कार्यक्रमको संयोजन राष्ट्रिय समन्वय परिषद्बाट निर्वाचित महिला प्रतिनिधिले सम्बन्धित क्षेत्रको क्षेत्रीय महिला संयोजक तथा क्षेत्रीय महिला उपसंयोजकसँग समन्वय गरेर गर्नु पर्नछ ।

(१६) हरेक राष्ट्रिय समन्वय परिषद्ले आफ्नो मुलुकमा महिला प्रतिनिधि संयोजकको चयन गर्दा कम्तिमा पुरा कार्यकाल अथवा २ वर्षको लागि चयन गर्नको लागि महिला फोरमले अनुरोध गर्नेछ । राष्ट्रिय समन्वय परिषद्मा महिला प्रतिनिधिको पद रिक्त भएमा बांकी अवधिको लागि रिक्त पदमा महिला फोरमका क्षेत्रीय संयोजक तथा क्षेत्रीय महिला उपसंयोजकले आफ्नो क्षेत्र भित्रका राष्ट्रिय समन्वय परिषद्हरुसँग समन्वय गरेर चयनको लागि आवश्यक पहल गर्न सक्नेछ ।

(१७) *महिला उपाध्यक्ष, महिला सचिव, राष्ट्रिय समन्वय परिषद् तथा सम्बन्धित क्षेत्रका क्षेत्रीय महिला संयोजक तथा क्षेत्रीय महिला उपसंयोजकको राय सल्लाह बमोजिम फोरमको आचार संहिता तथा आकार निर्धारण गर्न सक्नेछ ।

*(१८) महिला विभागको अधिनमा रही कार्य गर्ने ।

६. **फोरमको बैठकः**

विभिन्न क्षेत्रका क्षेत्रीय महिला संयोजक, क्षेत्रीय महिला उपसंयोजक र विभिन्न राष्ट्रिय समन्वय परिषद्का महिला प्रतिनिधहरुसंग समन्वय, सहकार्य गरी संचालन भएका गतिविधिहरु बारे अध्यावधिक हुनको लागि तीन महिनमा कम्तिमा एक पटक स्काइप वा संचारका अन्य माध्यमबाट महिला संयोजकले अनिवार्य रुपमा फोरमको वैठक आह्वान गर्नु पर्नेछ । *बैठकमा अनिवार्यरुपमा महिला उपाध्यक्ष र महिला सचिवलाई बोलाउनु पर्नेछ ।

७. **बैठकको निर्णयः**

महिला संयोजकले वैठकमा भएका निर्णयहरुको माईन्यूट वैठक सकिएको मितिले दुई हप्ता भित्र अन्तर्राष्ट्रिय समन्वय परिषद्मा पेश गर्नु पर्ने छ ।

८. **बैठक सम्बन्धी प्रक्रियाः**

(१) फोरमको बैठकको अध्यक्षता अन्तर्राष्ट्रिय समन्वय परिषद्को महिला संयोजकले गर्नेछ । संयोजकको अनुपस्थितिमा *फोरमको अध्यक्षता बैठकबाट नियुक्त हुने व्यक्तिले गर्नेछ ।

(२) बैठकको प्रतिवेदन र निर्णय विद्युतिय अभिलेखमा राखिने छ ।

---

* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा संशोधित ।

(३) यस नियमावलीमा नपरेका कुराहरु *........ संघको विधानको आधारमा फोरमले निर्णय गरे बमोजिम हुनेछ ।

*(४) बैठकको निर्णय सम्भव भए सम्म सर्वसम्मत गर्नु पर्नेछ ।

९. **विवरण वा प्रतिवेदन पेश गर्नु पर्नेः**

फोरमले सम्पादन गरेको काम कारवाहीको विवरण वा प्रतिवेदन प्रत्येक महिना अन्तर्राष्ट्रिय समन्वय परिषद् समक्ष पेश गर्नु पर्नेछ ।

१०. **कार्यविधि बनाउने अधिकारः**

यो नियमावली कार्यान्वयन गर्न फोरमले आवश्यक कार्यविधि बनाउन सक्नेछ र त्यस्ता कार्यविधिहरु अन्तर्राष्ट्रिय समन्वय परिषद्बाट स्वीकृत भए पछि प्रारम्भ हुनेछन् ।

११. **निर्देशन दिन सक्नेः**

(१) अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले फोरमद्वारा गरिने काम कारबाहीको सम्बन्धमा फोरमलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशन पालन गर्नु फोरमको कर्तव्य हुनेछ ।

१२. **बाधा अड्काउ फुकाउः**

यस नियमावली अनुसार कार्य गर्दा कुनै बाधा, अड्काउ पर्न आएमा त्यस्तो बाधा अड्काउ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले विधानसँग नबाझिने गरी फुकाउन सक्नेछ ।

*१२(क) **विनियम वा निर्देशिका वा परिपत्र बनाउन सक्नेः**

(१) विधानको उद्देश्य कार्यान्वयन गर्नका लागि विधान तथा यस नियमावलीमा उल्लिखित व्यवस्थाको प्रतिकूल नहुने गरी अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले आवश्यक विनियम वा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) यस नियमावलीको कार्यान्वयनको सहजताका लागि अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले विभिन्न परिपत्र जारी गर्न सक्नेछ ।

१३. **यसै नियमावली बमोजिम हुनेः**

यस नियमावलीमा लेखिएका कुराहरुको हकमा यसै नियमावली बमोजिम हुनेछ ।

१४. **खारेजी र बचाउः**

(१) महिला फोरमको कार्यव्यवस्था सम्बन्धी नियमावली, २०१९ खारेज गरिएको छ ।

(२) महिला फोरमको कार्यव्यवस्था सम्वन्धी नियमावली, २०१९ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

---

* पहिलो संशोधनद्वारा झिकिएको ।

* पहिलो संशोधनद्वारा थप ।

* पहिलो संशोधनद्वारा थप ।